# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| | |
|---|---|
| **आयोगको बैठक सङ्ख्याः८४** | **निर्णय मितिः२०८१/०९/०२** |

**निर्णय नः ९१**

**खाजा/खाजा खर्च तथा प्रोत्साहन भत्ता उपलब्ध गराउन सहमति माग गर्ने सम्बन्धमा**

१) आयोगमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकार,कार्यसञ्चालन निर्देशिका,२०७७ को परिच्छेद ७ "खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि" को दफा ७.१.४ को उपदफा ४ र ५ को परिपालना हुने गरी उपदफा २ र ३ बमोजिम माघ, फाल्गुण, चैत्र र बैशाख महिनामा खाजा/खाना खर्च उपलब्ध गराउन अर्थ मन्त्रालय समक्ष सहमति माग गर्ने।

**निर्णय नः ९२**

**विषय बिज्ञको सूची (रोष्टर) अद्यावधिक गर्ने सम्बन्धमा**

१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सम्पादन हुने कार्यका लागि विषय विज्ञको रोष्टर तयार/अद्यावधिक गर्न सूचना प्रकाशन गर्ने तथा सूचनाबाट प्राप्त हुन नसकेका विषय विज्ञहरुको हकमा आयोगमा छलफल गरी अद्यावधिक गर्ने।

**निर्णय नं. ९३**

**आयोगको उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा।**

१) आयोगमा कार्यरत कर्मचारीहरुमध्ये बाट उत्कृष्ट कार्यसम्पादन गर्ने वरिष्ठ तथ्याङ्क अधिकृत श्री दिनेश भट्टराईलाई आयोगको तर्फबाट प्रशंसा पत्र तथा नगद पुरस्कार रु २५०००।- सहितको उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गर्ने।